# बेनीघाट रोराङ गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड – १०** **संख्या –५** **मितिः२०८३ भदौ २५**

## भाग – २

बेनीघाट रोराङ गाउँपालिकाको सर्वोत्कृष्ट, उत्कृष्ट शिक्षक, विद्यार्थी र विद्यालय छनौट तथा सम्मान कार्यविधि, २०८३

**बेनीघाट रोराङ गाउँपालिका**

**विशालटार, धादिङ**

**बागमती प्रदेश**

# बेनीघाट रोराङ गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड – १०** **संख्या – ५** **मितिः २०८३ भदौ २५**


# बेनीघाट रोराङ गाउँपालिकाको सर्वोत्कृष्ट, उत्कृष्ट शिक्षक, विद्यार्थी र विद्यालय छनौट तथा सम्मान कार्यविधि, २०८३

**गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०८३/५/१८**

**प्रस्तावना**

बेनीघाट रोराङ गाउँपालिकाभित्रका सामुदायिक तथा संस्थागत विद्यालयमा कार्यरत शिक्षकहरूको शिक्षण पेशाप्रतिको समर्पण, विद्यार्थीको सिकाइ उपलब्धिमा गरेको योगदान, शिक्षणमा अपनाएको नवीनता, पेशागत आचरण, विद्यालय तथा समुदायको विकासमा पुर्‍याएको योगदानलाई वस्तुगत, पारदर्शी, निष्पक्ष र प्रमाणमा आधारित ढङ्गबाट मूल्याङ्कन गरी उत्कृष्ट शिक्षकलाई सम्मान तथा प्रोत्साहन गर्ने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ तथा प्रचलित कानूनको अधीनमा रही बेनीघाट रोराङ गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम **"बेनीघाट रोराङ गाउँपालिकाको उत्कृष्ट शिक्षक छनोट तथा सम्मान कार्यविधि, २०८३"** रहनेछ।

(२) यो कार्यविधि **बेनीघाट रोराङ** गाउँपालिकाको कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. **"गाउँपालिका"** भन्नाले बेनीघाट रोराङ गाउँपालिका सम्झनुपर्छ ।

ख. **"कार्यालय"** भन्नाले गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्छ ।

ग. **"शिक्षक"** भन्नाले गाउँपालिकाभित्रका विद्यालयमा प्रचलित कानूनबमोजिम कार्यरत शिक्षक सम्झनुपर्छ ।

घ. **"सर्वोकृष्ट शिक्षक"** भन्नाले यस कार्यविधि बमोजिम मूल्याङ्कन गर्दा निर्धारित न्यूनतम मापदण्ड पूरा गरी सर्वाधिक अंक प्राप्त गर्ने शिक्षक सम्झनुपर्छ ।

च. **"उत्कृष्ठ शिक्षक"** भन्नाले आफुले पढाउने विषयमा पालिका भर उत्कृष्ठ नतिजा हासिल गराउने शिक्षक शिक्षक सम्झनुपर्छ ।

छ. **"मूल्याङ्कन समिति"** भन्नाले दफा ७ बमोजिम गठित समिति सम्झनुपर्छ ।

ज. **"प्रमाण"** भन्नाले मूल्याङ्कनका लागि पेश गरिएका प्रमाणित कागजात, अभिलेख, तथ्याङ्क, प्रतिवेदन, विद्यार्थीको कार्य, कक्षा अवलोकन, विद्यालय अभिलेख वा समितिले स्वीकार गरेको अन्य विश्वसनीय सामग्री सम्झनुपर्छ ।

झ. **"पोर्टफोलियो"** भन्नाले शिक्षकले आफ्नो कार्यसम्पादन र उपलब्धिसम्बन्धी पेश गरेको प्रमाणसहितको विवरण सम्झनुपर्छ ।

ञ. "शैक्षिक पुरस्कार" भन्नाले पालिकाले प्रदान गर्ने शहिद इन्द्र बहादुर थपलिया स्मृति बेनीघाट रोराङ शैक्षिक पुरस्कार सम्झनुपर्छ ।

**३ . उद्देश्यः**

यस कार्यविधिका उद्देश्य देहायबमोजिम हुनेछन् :

क. उत्कृष्ट शिक्षण अभ्यास गर्ने शिक्षकलाई पहिचान तथा सम्मान गर्ने,

ख. शिक्षकमा पेशागत उत्कृष्टता हासिल गर्ने प्रतिस्पर्धात्मक भावना विकास गर्ने,

ग. विद्यार्थीको सिकाइ उपलब्धि सुधारमा शिक्षकलाई उत्प्रेरित गर्ने,

घ. नवीन, सिर्जनात्मक तथा प्रविधिमैत्री शिक्षण अभ्यासलाई प्रोत्साहन गर्ने,

ङ. कमजोर तथा पिछडिएका विद्यार्थीको सिकाइ सुधारमा योगदान गर्ने शिक्षकलाई प्रोत्साहित गर्ने,

च. विद्यालय विकास तथा समुदायसँगको सम्बन्धमा उत्कृष्ट योगदान गर्ने शिक्षकको पहिचान गर्ने,

छ. शिक्षकको कार्यसम्पादन मूल्याङ्कनलाई प्रमाणमा आधारित र पारदर्शी बनाउने ।

## परिच्छेद–२

## उत्कृष्ट शिक्षक छनोटसम्बन्धी व्यवस्था

**४. उत्कृष्ट शिक्षक छनोटको आधारभूत सिद्धान्तः (१)** उत्कृष्ट शिक्षक छनोट गर्दा देहायका सिद्धान्त अवलम्बन गरिनेछः

- निष्पक्षता
- पारदर्शिता
- प्रमाणमा आधारित मूल्याङ्कन
- तहगत समानता
- व्यक्तिगत प्रभावबाट मुक्त मूल्याङ्कन
- पूर्वनिर्धारित मापदण्ड
- स्वार्थको द्वन्द्व नियन्त्रण
- उजुरी तथा पुनरावलोकनको अवसर
- **"प्रमाण नभए अंक नदिने"** सिद्धान्त

**५. उत्कृष्ट शिक्षक छनौटको विधा : (१)** गाउँपालिकाले उपलब्ध बजेट तथा आवश्यकताका आधारमा देहायका विधा वा क्षेत्रमा उत्कृष्ट शिक्षक छनोट गर्न सक्नेछः

(क) सर्वोत्त्कृष्ठ बालविकास शिक्षक

ख. सर्वोत्त्कृष्ठ आधारभूत तह शिक्षक

ग. सर्वोत्त्कृष्ठ माध्यमिक तह शिक्षक

तर गाउँपालिकाले प्रत्येक वर्ष उपलब्ध बजेट तथा कार्यक्रमको प्रकृतिअनुसार उत्कृष्ठ नतिजा हासिल गर्ने, विद्यालय, विद्यार्थी र विषयगत शिक्षकलाई नतिजाको आधारमा बिशेष सम्मान तथा पुरस्कार वितरण गर्न सक्नेछ ।

**६. सर्वोत्त्कृष्ठ, उत्कृष्ठ शिक्षक छनौटको लागि उम्मेदवार हुन आवश्यक योग्यता**

उत्कृष्ट शिक्षक छनोटका लागि देहायको योग्यता पुगेको हुनुपर्नेछः

(क) बेनीघाट रोराङ गाउँपालिकाभित्रको विद्यालयमा कार्यरत रहेको।
(ख) सम्बन्धित शैक्षिक वर्षमा कम्तीमा **तीन** शैक्षिक सत्र पूरा गरी कार्यरत रहेको।
(ग) प्रचलित कानूनबमोजिम आवश्यक शैक्षिक योग्यता तथा अध्यापन अनुमति प्राप्त गरेको।
(घ) सम्बन्धित मूल्याङ्कन अवधिमा गम्भीर प्रकृतिको विभागीय कारबाहीमा नपरेको।
(ङ) विद्यालयको नियमित शैक्षिक कार्यमा सक्रिय रहेको।
(च) एउटै शिक्षकले लगातार **दुई** वर्ष **सर्वोत्त्कृष्ठ** शिक्षक सम्मान प्राप्त गर्न पाउने छैन। तर विशेष योगदानका लागि अन्य सम्मान दिन बाधा पर्ने छैन।

**७. पालिकास्तर सिफारिस समिति :** (१) गाउँपालिकाले सर्वोत्त्कृष्ठ शिक्षक, उत्कृष्ट शिक्षक, विद्यालय र विद्यार्थी छनोटका लागि गाउँ शिक्षा समितिलाई सिफारिस गर्न देहायबमोजिमको समिति गठन गर्नेछः
(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक
(ख) गाउँपालिकाभित्रका माध्यमिक विद्यालयका वि.व्या.स अध्यक्षहरु मध्येबाट १ जना - सदस्य
(ग) गाउँ शिक्षा समितिले तोकेको गाउँ शिक्षा समितिका सदस्यहरु मध्येवाट कम्तिमा १ महिला सहित २ जना – सदस्य
(घ) शाखाले तोकेको अधिकृतस्तरको कर्मचारी – सदस्य
(ङ) शिक्षा क्षेत्रमा अनुभव भएको बाह्य शिक्षा विज्ञ १ जना - सदस्य
(च) शिक्षा शाखा प्रमुख - सदस्य–सचिव
(२) समितिले आवश्यकता अनुसार शिक्षकको मूल्यांकनको लागि अन्य विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

**८. समितिको काम, कर्तव्य र अधिकार :** समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः
(क) शिक्षक छनोटसम्बन्धी सूचना प्रकाशन गर्ने,
(ख) उत्कृष्ठ शिक्षक, विद्यार्थी, विद्यालय छनौटको लागि आवेदन तथा प्रमाणको परीक्षण गर्ने,
(ग) उत्कृष्ठ शिक्षक, विद्यार्थी, विद्यालय छनौट गर्न आवश्यक मापदण्ड, आधार तय गर्ने
(घ) विद्यालयको अभिलेख परीक्षण गर्ने,
(ङ) आवश्यक प्रमाण Verification गर्ने,
(च) Shortlist तयार गर्ने,
(छ) अन्तिम अंक निर्धारण गर्ने,
(ज) उत्कृष्ट शिक्षकको नाम शिक्षा समिति समक्ष सिफारिस गर्ने,
(झ) उजुरीमाथि आवश्यक छानबिन गर्ने,
(ञ) छनोटसम्बन्धी सम्पूर्ण अभिलेख सुरक्षित राख्ने।

**९. विद्यालय स्तर सिफारिस समिति :** (१) विद्यालयमा शिक्षकको मूल्यांकन गरी पालिकस्तरमा सिफारिस गर्न देहाय बमोजिमको समिति गठन गर्नेछः
(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष - संयोजक
(ख) शिक्षक अभिभावक संघको अध्यक्ष – सदस्य
(ग) प्रधानाध्यापक - सदस्य सचिव

(२) विद्यालयको प्रधानाध्यापकलाई सिफारिस गर्नुपर्ने भएका शिक्षा शाखाको अधिकृतस्तरको कर्मचारीले सदस्य सचिव भई काम गर्नुपर्नेछ। यो समितिले पालिकाले शिक्षक छनौटको लागि सूचना प्रकाशित भए पश्चात तोकेबमोजिमको मूल्यांकन ढांचामा शिक्षकको मूल्यांकन गरी पालिकास्तरको समितिलाई सिफारिस गर्नुपर्नेछ।

**९. सर्वोत्त्कृष्ठ शिक्षक, उत्कृष्ठ शिक्षक, विद्यार्थी र विद्यालय छनोट प्रक्रिया** : **(१)** उत्कृष्ट शिक्षक, विद्यार्थी र विद्यालयको छनौटको लागि समितिले अघिल्लो शैक्षिक सत्रको कक्षा ३ र ५ को स्तरमापन परीक्षा, आधारभूत शिक्षा परीक्षा, माध्यमिक शिक्षा परीक्षा र माध्यमिक तह उत्तीर्ण परीक्षालाई आधार मानी छनौट गरिनेछ। सर्वोत्त्कृष्ठ बालविकास शिक्षक, आधारभूत तह शिक्षक र माध्यमिक तह शिक्षक छनौटको लागि देहायको प्रक्रिया अवलम्बन गरिनेछ। विद्यालयस्तरको समितिबाट सिफारिस भएका शिक्षकको आवश्यकता अनुसार पालिकास्तरको सिफारिस समितिले र कक्षा अवलोकन, असल अभ्यासको प्रस्तुतीको अवलोकन, विद्यार्थीको Feedback तथा अन्तर्वार्ता र कागजातको प्रमाणीकरण गर्न सक्नेछ।

**चरण १ : सूचना प्रकाशन :** गाउँपालिकाले १५ दिने सार्वजनिक सूचना प्रकाशित गर्ने।

**चरण २ : विद्यालयबाट सिफारिस :** प्रत्येक विद्यालयस्तरको सिफारिस समितिले तोकिएको समयभित्र अनुसूची ८, ९ बमोजिम सूचकहरुको आधारमा आफ्ना सम्पूर्ण शिक्षकहरुको मुल्याङ्कन गर्नुपर्नेछ। ति मध्येबाट वाल विकासबाट एक जना र आधारभूत तथा माध्यमिक तहबाट विद्यालयको मूल्यांकनमा ७० प्रतिशत भन्दा बढी अंक प्राप्त गर्ने **शिक्षकलाई** सिफारिस गर्न सक्नेछ। सिफारिस गर्दा तोकिएको ढाँचाको मूल्यांकन फाराम, शिक्षकको पोर्टफोलियो र प्रमाण पुग्ने अन्य कागजातसहितको फाइल पेश गर्नुपर्नेछ।

**चरण ३ : शिक्षकको Portfolio पेश**

सिफारिस भएका शिक्षकको अनुसूची १ बमोजिमको पोर्टफोलियो, फाराम र प्रमाण पेश गर्ने।

**चरण ४ : प्रारम्भिक मूल्याङ्कन :** पालिका स्तरको समितिले प्रारम्भिक मूल्यांकन गर्ने

**चरण ५ : Shortlisting**

**चरण ६ : कक्षा अवलोकन : आवश्यकता अनुसार कक्षा अवलोकन तथा व्यक्तिगत अन्तर्वार्ता**

**चरण ७ : विद्यार्थी Feedback : आवश्यकता अनुसार विद्यार्थीको प्रतिक्रिया / पृष्ठपोषण**

**चरण–८ : प्रमाण Verification : पालिकास्तरको समितिले आवश्यक प्रमाणको प्रमाणीकरण एंव रुजु गर्नेछ**

**चरण–९ : अन्तिम मूल्याङ्कन :**

**चरण–१० : समितिवाट सिफारिस**

**चरण–११ : गाउँ शिक्षा समितिवाट स्वीकृत**

**१०. मूल्यांकनको क्षेत्र : (१)** आधारभूत र माध्यमिक तह सर्वोकृष्ठ शिक्षक सिफारिसको लागि विद्यालयस्तर र पालिका स्तरको सिफारिस समितिलेले लागि देहायको विषयमा १०० पूर्णाङ्कको रुब्रिक्समा शिक्षकको मूल्याङ्कन गर्नुपर्नेछ। मूल्यांकन क्षेत्रको रुब्रिक्स अनुसूचीमा ८ मा राखिएको छ।

| क्र.सं. | मूल्याङ्कन क्षेत्र | अंक |
|---|---|---|
| १ | विद्यार्थी सिकाइ उपलब्धि तथा सिकाइ सुधार | २० |
| २ | कक्षा शिक्षण तथा कक्षा अवलोकन | १५ |
| ३ | नियमितता, समयपालना तथा जिम्मेवारी बोध | १० |
| ४ | पेशागत आचरण तथा अनुशासन | १० |
| ५ | ICT, नवीनता तथा सिर्जनात्मक शिक्षण | १० |

| क्र.सं. | मूल्याङ्कन क्षेत्र | अंक |
|---|---|---|
| ६ | तालिम, अनुभव, अनुसन्धान तथा पेशागत विकास | १५ |
| ७ | विद्यार्थी, अभिभावक तथा समुदायसँगको सम्बन्ध | १० |
| ८ | विद्यालय शिक्षा विकासमा योगदान | ५ |
| ९ | Best Practice Presentation | ५ |
| | **जम्मा** | **१००** |

(२) सर्वोत्कृष्ठ बालविकास शिक्षकको सिफारिसको लागि विद्यालयस्तर र पालिकस्तरको सिफारिस समितिलेले अनुसूची ९ बमोजिमको १०० पूर्णाङ्कको मूल्यांकन क्षेत्र र रुब्रिक्सको आधारमा मूल्यांकन गर्नेछ ।

**११. बराबर अंक भएमा : (१)** दुई वा सोभन्दा बढी उम्मेदवारको समान अंक आएमा देहायको प्राथमिकता कायम गरिनेछ-

क. न्युनतम शैक्षिक योग्यताको उत्तीर्ण प्रतिशत

ख. माथिल्लो शैक्षिक योग्यताको उत्तीर्ण प्रतिशत

(ख) स्थायी सेवा अवधी गणना

## १२ . गोपनीयता तथा निष्पक्षता

(१) मूल्याङ्कनकर्ताले आफ्नो जिम्मेवारीमा प्राप्त व्यक्तिगत विवरण गोप्य राख्नुपर्नेछ।

(२) मूल्याङ्कन समितिका सदस्यले आफ्नो नातेदार वा प्रत्यक्ष स्वार्थ जोडिएको उम्मेदवारको मूल्याङ्कनमा सहभागी हुन पाउने छैन।

(३) विद्यार्थी Feedback व्यक्तिगत शिक्षकको चरित्रमाथि टिप्पणी गर्ने माध्यम बनाइने छैन।

(४) विद्यार्थीको व्यक्तिगत पहिचान सार्वजनिक गरिने छैन।

**१३ . नतिजा प्रकाशन :** पालिकाले बालविकास, आधारभूत र माध्यमिक तह सर्वोकृष्ठ वर्ष शिक्षकको नतिजा गाउँपालिकाको वेबसाइट, सूचना पाटी वा आधिकारिक माध्यमबाट सार्वजनिक गरिनेछ।

## १४ . उजुरी तथा पुनरावलोकन

(१) प्रारम्भिक वा अन्तिम नतिजामा चित्त नबुझेमा सम्बन्धित उम्मेदवारले **नतिजा प्रकाशन भएको मितिले ३ दिनभित्र** प्रमाणसहित लिखित उजुरी दिन सक्नेछ।

(२) उजुरी **अंक गणना, प्रमाणको मूल्याङ्कन वा प्रक्रिया सम्बन्धी** हुनुपर्नेछ।

(३) व्यक्तिगत आरोप, राजनीतिक दबाब वा आधारहीन उजुरीलाई मान्यता दिइने छैन।

(४) उजुरीमाथि छानबिन गर्न गाउँपालिकाले छुट्टै **पुनरावलोकन समिति** गठन गर्न सक्नेछ।

(५) पुनरावलोकन गर्दा मूल मूल्याङ्कनकर्ताको स्वार्थको द्वन्द्व भएमा निजलाई संलग्न गराइने छैन।

(६) पुनरावलोकन समितिको निर्णय अन्तिम हुनेछ।

**१५. सम्मान तथा पुरस्कार :** सर्वोकृष्ठ बालविकास, आधारभुत तह र माध्यमिक तहको बर्ष शिक्षक पालिकाले नगद सहित शहिद इन्द्रबहादुर थपलिया स्मृति बेनिघाट रोराङ शैक्षिक पुरस्कारबाट विशेष सम्मान गरिनेछ।

**१६. कार्यविधि संशोधन :** गाउँपालिकाले आवश्यकता, अनुभव तथा प्रचलित कानूनअनुसार यस कार्यविधिमा संशोधन गर्न सक्नेछ। तर कुनै छनोट प्रक्रिया सुरु भइसकेपछि त्यस वर्षको मूल्याङ्कन मापदण्ड परिवर्तन गरिने छैन।

**२५. बाधा अड्काउ फुकाउने :** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा प्रचलित कानूनको अधीनमा रही गाउँपालिकाको कार्यपालिकाले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

## अनुसूची–१
## सर्वोत्कृष्ट शिक्षकको आवेदन तथा स्वघोषणा फाराम

१. शिक्षकको नाम : ........................................

२. विद्यालय : ..................................................

३. तह : .........................................................

४. विषय : ........................................................

५. नियुक्ति मिति : ..........................................

६. शिक्षण अनुभव : ..........................................

७. शैक्षिक योग्यता : .......................................

८. अध्यापन अनुमति नं. : ................................

९. मोबाइल नं. : ..............................................

**प्रमुख उपलब्धिहरू**

१. ................................................................

२. ................................................................

३. ................................................................

४. ................................................................

**स्वघोषणा**

माथि उल्लेखित विवरण तथा पेश गरिएका प्रमाणहरू सत्य रहेको घोषणा गर्दछु । कुनै विवरण झुटो वा गलत प्रमाणित भएमा प्रचलित कानून तथा यस कार्यविधिबमोजिम हुने कारबाही स्वीकार गर्नेछ ।

**शिक्षकको नाम :** ................................

**दस्तखत :** ........................................

**मिति :** ..............................................

**अनुसूची–२**
**विद्यालयबाट उत्कृष्ट शिक्षक सिफारिस फाराम**

**श्री पालिकास्तर सर्वोकृष्ठ  शिक्षक सिफारिस समितिका अध्यक्षज्यू,**

पालिकाको मिति .....................को सूचना बमोजिम  यस विद्यालयमा कार्यरत देहायका शिक्षकलाई   सर्वोकृष्ठ बालविकास / आधारभूत तह / माध्यमिक तह   बर्ष  **शिक्षक  घोषणा गर्दै  शहिद इन्द्रबहादुर थपलिया शैक्षिक पुरस्कार  २०८३**  को लागि सिफारिस गरिएको छ ।

**शिक्षकको नाम :** .....................................
**तह/विषय :** ............................................
**विद्यालय :** ............................................
**विद्यालयको सिफारिसका आधार :**

| **क्र.सं.** | **मूल्याङ्कन क्षेत्र** | **अंक** |
|---|---|---|
| १ | विद्यार्थी सिकाइ उपलब्धि तथा सिकाइ सुधार | |
| २ | कक्षा शिक्षण तथा कक्षा अवलोकन | |
| ३ | नियमितता, समयपालना तथा जिम्मेवारी बोध | |
| ४ | पेशागत आचरण तथा अनुशासन | |
| ५ | ICT, नवीनता तथा सिर्जनात्मक शिक्षण | |
| ६ | तालिम, अनुभव, अनुसन्धान तथा पेशागत विकास | |

| क्र.सं. | मूल्याङ्कन क्षेत्र | अंक |
|---|---|---|
| ७ | विद्यार्थी, अभिभावक तथा समुदायसँगको सम्बन्ध | |
| ८ | विद्यालय शिक्षा विकासमा योगदान | |
| ९ | Best Practice Presentation | |
| **जम्मा** | | |

सिफारिस गर्ने :

वि. व्य.स अध्यक्षको नाम : .................................... हस्ताक्षर :

शि.अ.स अध्यक्षको नाम : .................................... हस्ताक्षर : विद्यालयको छाप :

प्रधानाध्यापकको नाम : .................................... हस्ताक्षर :

मिति :

## अनुसूची ३
## विद्यार्थी Feedback फाराम

**शिक्षकको नाम : ...................................................................**
**विद्यालय : ..........................................................................**

| क्र.सं. | कथन | १ | २ | ३ | ४ | ५ | जम्मा प्राप्तांक |
|---|---|---|---|---|---|---|---|
| १ | शिक्षकले बुझ्ने गरी पढाउनुहुन्छ | | | | | | |
| २ | विद्यार्थीलाई प्रश्न गर्न प्रोत्साहन गर्नुहुन्छ | | | | | | |
| ३ | सबै विद्यार्थीलाई समान व्यवहार गर्नुहुन्छ | | | | | | |
| ४ | कमजोर विद्यार्थीलाई सहयोग गर्नुहुन्छ | | | | | | |
| ५ | शिक्षण सामग्री/ICT प्रयोग गर्नुहुन्छ | | | | | | |
| ६ | विद्यार्थीको विचार सुन्नुहुन्छ | | | | | | |
| ७ | कक्षामा सकारात्मक वातावरण बनाउनुहुन्छ | | | | | | |
| ८ | गृहकार्य/कक्षाकार्यको Feedback दिनुहुन्छ | | | | | | |
| ९ | विद्यार्थीलाई सिक्न उत्प्रेरित गर्नुहुन्छ | | | | | | |
| १० | शिक्षकप्रति विद्यार्थीको समग्र सन्तुष्टि | | | | | | |

**निर्देशन: तलका कथनमा आफ्नो अनुभवअनुसार १ देखि ५ सम्म अंक दिनुहोस् ।**

**१ = कहिल्यै होइन,  २ = कहिलेकाहीँ,  ३ = सामान्य,  ४ = प्रायः  ५ = सधैँ**

**अनुसूची- ४**

**प्रमाण सूची तथा Verification Sheet**

| क्र.सं. | दाबी/उपलब्धि | पेश गरिएको प्रमाण | प्रमाणित गर्ने निकाय | Verification |
|---|---|---|---|---|
| १ | विद्यार्थी उपलब्धि | नतिजा | विद्यालय | ✓ / ✗ |
| २ | नियमितता | हाजिरी | विद्यालय | ✓ / ✗ |
| ३ | तालिम | प्रमाणपत्र | सम्बन्धित निकाय | ✓ / ✗ |
| ४ | अनुसन्धान | प्रतिवेदन | विद्यालय/निकाय | ✓ / ✗ |

| क्र.सं. | दावी/उपलब्धि | पेश गरिएको प्रमाण | प्रमाणित गर्ने निकाय | Verification |
|---|---|---|---|---|
| ५ | ICT/नवीनता | सामग्री/प्रतिवेदन | विद्यालय | ✓ / ✗ |
| ६ | अन्य | | | |

## अनुसूची–५
## स्वार्थको द्वन्द्वसम्बन्धी घोषणा

म ............................................ उत्कृष्ट शिक्षक छनोट समितिको सदस्यको हैसियतमा कुनै उम्मेदवारसँग मेरो व्यक्तिगत, पारिवारिक, आर्थिक वा अन्य प्रत्यक्ष स्वार्थ नरहेको घोषणा गर्दछु।

यदि कुनै उम्मेदवारसँग यस्तो स्वार्थ सम्बन्ध रहेको भए सो उम्मेदवारको मूल्याङ्कनमा सहभागी नहुने प्रतिबद्धता व्यक्त गर्दछु।

**नाम :** ................................

**पद :** ..................................

**दस्तखत :** ..........................

**मिति :** ................................

**अनुसूची–६**

**अन्तिम सिफारिस फाराम**

**आज मिति ...................... मा बसेको पालिकास्तर सर्बोत्कृष्ट शिक्षक सिफारिस समितिको बैठकले यस कार्यविधिबमोजिम मूल्याङ्कन गर्दा तह ...................................मा सबैभन्दा बढी ........... अंक प्राप्त गर्ने.......................................... विद्यालयका शिक्षक श्री ...........................................लाई बेनीघाट रोराङ सर्बोत्कृष्ट शिक्षक – २०८३ घोषणा गरी शहिद इन्द्रबहादुर थपलिया स्मृति बेनीघाट रोराङ शैक्षिक पुरस्कार प्रदान गर्न सिफारिस गर्ने निर्णय गरिएको छ ।**

**सिफारिस गर्ने :**

| **नाम** | **पद** | **हस्ताक्षर** |
|---|---|---|
| १. | संयोजक | |
| २. | सदस्य | |
| ३. | सदस्य | |
| ४. | सदस्य | |
| ५. | सदस्य | |
| ६. | | |
| ७. | सदस्य–सचिव | |

## अनुसूची– ७
## पोर्टफोलियोमा संलग्न गर्नुपर्ने कागजात

**१. व्यक्तिगत विवरण**

**२. शैक्षिक योग्याताको प्रमाणपत्र तथा शिक्षण अनुभवसम्बन्धी कागजात**

**३. विद्यार्थी सिकाइ उपलब्धि (आफुले पठन पाठन गरेको विषय र कक्षाको विगत ३  शैक्षिक सत्रको नतिजा विवरण**

**४. कमजोर विद्यार्थी सुधारको प्रयास**

५. नवीन शिक्षण अभ्यास

६. ICT प्रयोगसम्बन्धी  कागजात

७. तालिमसम्बन्धी कागजात

८. Action Research, अनुसन्धान, प्रकाशन भएको लेख, रचना, कृति

९. विद्यालय विकासमा गरेको योगदान  योगदान

१०. समुदायमा योगदान

११. Best Practice

१२. अनुसूची  १, २, ३, ८, ९  बमोजिमको ढांचाको कागजात

१३. अनुसूची ८, ९ बमोजिमका सूचकलाई प्रमाणित गर्ने  कागजात

१४. प्रमाण खुल्ने अन्य कागजात

## अनुसूची– ८
## सर्वोउत्कृष्ट शिक्षक (आधारभूत तथा माध्यमिक तह ) छनोट तथा मूल्याङ्कन फाराम

शिक्षकको नाम : तह :

विद्यालयको नाम :

| क्र.सं. | मूल्याङ्कन क्षेत्र/सूचक | पूर्णाङ्क | विद्यालयस्तर सिफारिस समितिले दिएको अंक | पालिकास्तर सिफारिस समितिले दिएको अंक | अन्तिम अंक | आधार/प्रमाण | रुब्रिक्स हेर्नुहोस् (अंकन मार्गदर्शन ) |
|---|---|---|---|---|---|---|---|
| **१** | **विद्यार्थी सिकाइ उपलब्धि तथा सिकाइ सुधार - २० अंक** | | | | | **Diagnostic/Final assessment, individual progress** | |
| १.१ | विद्यार्थीको सिकाइ सुधार | १० | | | | प्रारम्भिक र अन्तिम मूल्याङ्कन, व्यक्तिगत Progress | |
| १.२ | विषयगत परीक्षा नतिजा | ५ | | | | पछिल्ला ३ शैक्षिक वर्षका प्रमाणित नतिजा | |
| १.३ | कमजोर विद्यार्थीको सिकाइ सुधार | ५ | | | | Remedial teaching, अतिरिक्त अभ्यास, Progress | |
| | जम्मा प्राप्तांक | २० | | | | | |
| **२** | **कक्षा शिक्षण तथा कक्षा अवलोकन - १५ अंक** | | | | | **पाठयोजना, विषयवस्तु, सहभागिता, ICT, व्यवस्थापन, Feedback** | |
| २.१ | पाठयोजना तथा तयारी | २ | | | | पाठयोजना, शिक्षण सामग्री र तयारी अभिलेख | |
| २.२ | विषयवस्तुको ज्ञान | २ | | | | कक्षा अवलोकन तथा विषयगत प्रस्तुति | |
| २.३ | विद्यार्थी सहभागिता | ३ | | | | विद्यार्थीको सक्रिय सहभागिता र प्रश्नोत्तर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.४ | विद्यार्थी केन्द्रित शिक्षण | २ | | | | समूहकार्य, गतिविधि र सिकाइ विविधता | |
| २.५ | शिक्षण सामग्री/ICT प्रयोग | २ | | | | प्रयोगको उपयुक्तता र प्रभावकारिता | |
| २.६ | कक्षा व्यवस्थापन | २ | | | | समय, वातावरण, अनुशासन र समावेशिता | |
| २.७ | मूल्याङ्कन तथा Feedback | १ | | | | निर्माणात्मक मूल्याङ्कन र प्रतिक्रिया | |
| २.८ | कमजोर विद्यार्थीप्रतिको ध्यान | १ | | | | व्यक्तिगत सहयोग र सुधार योजना | |
| | जम्मा प्राप्ताङ्क | १५ | | | | | |
| **३** | **नियमितता, समयपालना तथा जिम्मेवारी - १० अंक** | | | | | **हाजिरी र आधिकारिक अभिलेख** | |
| ३.१ | विद्यालय उपस्थिति | ४ | | | | प्रमाणित हाजिरी अभिलेख | |
| ३.२ | समयपालना | २ | | | | समयपालना अभिलेख/प्रशासनिक प्रमाण | |
| ३.३ | नियमित कक्षा सञ्चालन | २ | | | | कक्षा सञ्चालन तथा डायरी | |
| ३.४ | तोकिएको जिम्मेवारी पूरा | २ | | | | जिम्मेवारी/कार्यसम्पादन अभिलेख | |
| | जम्मा प्राप्ताङ्क | १० | | | | | |
| **४** | **पेशागत आचरण तथा अनुशासन** | १० | | | | **व्यवहार, मर्यादा, नैतिकता र अनुशासनका प्रमाण** | |
| ४.१ | विद्यार्थीप्रति सम्मानपूर्ण व्यवहार | २ | | | | अवलोकन/प्रतिक्रिया/अभिलेख | |
| ४.२ | सहकर्मीप्रति सहयोगी व्यवहार | २ | | | | सहकार्य र सहकर्मी प्रतिक्रिया | |
| ४.३ | पेशागत मर्यादा | २ | | | | आचारसंहिता पालना | |
| ४.४ | नैतिकवान तथा भेदभावरहित व्यवहार | २ | | | | समावेशी र समान व्यवहारका प्रमाण | |
| ४.५ | अनुशासन तथा जिम्मेवारी | २ | | | | समयपालना, जिम्मेवारी र अनुशासन | |
| | जम्मा प्राप्ताङ्क | १० | | | | | |
| **५** | **ICT, नवीनता तथा सिर्जनात्मक शिक्षण** | १० | | | | **ICT कौशल, नवीन विधि, सामग्री र सिर्जनात्मकता** | |
| ५.१ | ICT को प्रभावकारी प्रयोग | ३ | | | | डिजिटल सामग्री/कक्षा अवलोकन | |
| ५.२ | नवीन शिक्षण विधि | ३ | | | | नवीन अभ्यास र प्रभावको प्रमाण | |
| ५.३ | आफ्नै सामग्री/स्रोत विकास | २ | | | | शिक्षण सामग्री, परियोजना वा प्रयोगात्मक कार्य | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५.४ | सिर्जनात्मक क्षमता तथा प्रतिभा प्रस्फुटन | २ | | | | सिर्जनात्मक काम, ICT/भाषा/स्रोत विकास | |
| | जम्मा प्राप्ताङ्क | | | | | | |
| **६** | **तालिम, अनुभव, अनुसन्धान तथा पेशागत विकास** | १५ | | | | **तालिम, अनुसन्धान, Sharing, अनुभव र योग्यता** | |
| ६.१ | सम्बन्धित तालिम | ४ | | | | सेवाप्रवेश, TPD, सेवाकालीन/१० महिने लगायत प्रमाण | |
| ६.२ | Action Research/अनुसन्धान/शैक्षिक लेख | ३ | | | | प्रकाशित/प्रस्तुत अनुसन्धान वा लेख | |
| ६.३ | पेशागत सिकाइ/Sharing/प्रशिक्षक | ३ | | | | TOT/प्रशिक्षक/Sharing प्रमाण | |
| ६.४ | अनुभव (सेवा अवधि) | २ | | | | सेवा वर्ष × ०.२; अधिकतम २ अंक | |
| ६.५ | शैक्षिक योग्यता | ३ | | | | माथिल्लो योग्यताको श्रेणी/प्रमाणपत्र | |
| | जम्मा प्राप्ताङ्क | १५ | | | | | |
| **७** | **विद्यार्थी, अभिभावक तथा समुदायसँग सम्बन्ध** | १० | | | | **सहयोग, समन्वय, सहकार्य र समावेशिता** | |
| ७.१ | विद्यार्थीप्रति सहयोगी व्यवहार | ३ | | | | विद्यार्थी सहयोगका अभिलेख/प्रतिक्रिया | |
| ७.२ | अभिभावकसँग समन्वय | २ | | | | बैठक, सम्पर्क र अभिभावक सहभागिता | |
| ७.३ | समुदायसँग शैक्षिक सहकार्य | २ | | | | समुदायगत कार्यक्रम/सहकार्य प्रमाण | |
| ७.४ | समावेशी तथा समान व्यवहार | ३ | | | | समावेशी अभ्यास र भेदभावरहित व्यवहार | |
| | जम्मा प्राप्ताङ्क | १० | | | | | |
| **८** | **विद्यालय विकासमा योगदान** | ५ | | | | **विद्यालय सुधार तथा अतिरिक्त योगदान** | |
| ८.१ | विद्यालय सुधार योजनामा भूमिका | १ | | | | SIP/योजना निर्माणमा सहभागिता | |
| ८.२ | अतिरिक्त जिम्मेवारी | १ | | | | तोकिएको अतिरिक्त काम | |
| ८.३ | क्लब/अतिरिक्त क्रियाकलाप | १ | | | | क्लब, खेलकुद, सांस्कृतिक/सिर्जनात्मक गतिविधि | |
| ८.४ | शैक्षिक/व्यवस्थापकीय सुधार | १ | | | | सुधारको ठोस प्रमाण | |
| ८.५ | अन्य विद्यालय विकास योगदान | १ | | | | विद्यालय हितका अतिरिक्त कार्य | |
| | जम्मा प्राप्ताङ्क | ५ | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **९** | **Best Practice Presentation** | ५ | | | | **अधिकतम १० मिनेटको प्रस्तुतीकरण** | |
| ९.१ | समस्याको पहिचान | १ | | | | समस्या स्पष्ट पहिचान | |
| ९.२ | अपनाइएको समाधान/अभ्यास | १ | | | | अपनाइएको प्रक्रिया र प्रमाण | |
| ९.३ | विद्यार्थीमा परेको प्रभाव | २ | | | | उपलब्धि/परिवर्तन/प्रमाण | |
| ९.४ | भविष्यमा विस्तार सम्भावना | १ | | | | दिगोपन र विस्तार योजना | |
| | जम्मा प्राप्ताङ्क | ५ | | | | | |
| | **जम्मा प्राप्ताङ्क** | १०० | | | | | |

## मूल्याङ्कन सारांश

| **क्षेत्र** | **पूर्णाङ्क** | **विद्यालयस्तर सिफारिस समिति** | **पालिकास्तर सिफारिस समिति** | **अन्तिम अंक** | **कैफियत** |
|---|---|---|---|---|---|
| १. विद्यार्थी सिकाइ उपलब्धि तथा सुधार | २० | | | | |
| २. कक्षा शिक्षण तथा कक्षा अवलोकन | १५ | | | | |
| ३. नियमितता, समयपालना तथा जिम्मेवारी | १० | | | | |
| ४. पेशागत आचरण तथा अनुशासन | १० | | | | |
| ५. ICT, नवीनता तथा सिर्जनात्मक शिक्षण | १० | | | | |
| ६. तालिम, अनुभव, अनुसन्धान तथा पेशागत विकास | १५ | | | | |
| ७. विद्यार्थी, अभिभावक तथा समुदायसँग सम्बन्ध | १० | | | | |
| ८. विद्यालय विकासमा योगदान | ५ | | | | |
| ९. Best Practice Presentation | ५ | | | | |
| **जम्मा** | १०० | | | | |

## मूल्याङ्कनका लागि रुब्रिक्स (अंकन मार्गदर्शन)

| क्र.सं. | सूचकक्षेत्र/ | पूर्णाङ्क | अत्यन्त उत्कृष्ट (%१००) | उत्कृष्ट (८०(% | राम्रोसामान्य/ (६०(% | न्यून (२०(% |
|---|---|---|---|---|---|---|
| १ | विद्यार्थीको सिकाइ सुधार | १० | प्रारम्भिक र अन्तिम मूल्याङ्कनमा स्पष्ट, उल्लेख्य र प्रमाणित सुधार | सुधार राम्रो र नियमित अभिलेख | सुधार सीमितमध्यम/; प्रमाण आंशिक | सुधार न्यून वा प्रमाण अपर्याप्त |
| ११. | विषयगत परीक्षा नतिजा | ५ | ३ वर्षको नतिजामा निरन्तर उच्च उपलब्धिसुधार/ | उपलब्धि राम्रो र सकारात्मक प्रवृत्ति | मध्यम उपलब्धि वा अस्थिर प्रवृत्ति | कम उपलब्धि वा प्रमाण नपुगेको |
| १२. | कमजोर विद्यार्थीको सिकाइ सुधार | ५ | Remedial plan, नियमित सहयोग र स्पष्ट प्रगति | सहयोग नियमित, प्रगति राम्रो | केही सहयोग, प्रगति सीमित | योजनाप्रमाण न्यून/ |
| २१. | पाठयोजना तथा तयारी | २ | पूर्ण, उद्देश्यअनुकूल, सामग्रीसहित तयारी | प्रायः पूर्ण र व्यवस्थित | आंशिक तयारी | तयारी न्यून |
| २२. | विषयवस्तुको ज्ञान | २ | शुद्ध, गहिरो र सान्दर्भिक प्रस्तुति | राम्रो विषयज्ञान | आधारभूत ज्ञान, केही कमजोरी | अपर्याप्तत्रुटिपूर्ण/ |
| २३. | विद्यार्थी सहभागिता | ३ | लगभग सबै विद्यार्थी सक्रिय | धेरै विद्यार्थी सहभागी | केही विद्यार्थी मात्र सहभागी | सहभागिता अत्यन्त न्यून |
| २४. | विद्यार्थी केन्द्रित शिक्षण | २ | गतिविधिविविध /समूहकार्य/ विधि प्रभावकारी | विद्यार्थी केन्द्रित विधि पर्याप्त | सीमित प्रयोग | शिक्षक केन्द्रित मात्र |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २५. | शिक्षण सामग्री/ICT | २ | उपयुक्त, प्रभावकारी र सिकाइसँग जोडिएको | नियमित र उपयोगी प्रयोग | कहिलेकाहीँ प्रयोग | प्रयोग नगरेकोअनुपयुक्त/ |
| २६. | कक्षा व्यवस्थापन | २ | समय, वातावरण र अनुशासन उत्कृष्ट | व्यवस्थापन राम्रो | केही समस्या देखिने | व्यवस्थापन कमजोर |
| २७. | मूल्याङ्कन तथा Feedback | १ | नियमित, स्पष्ट र सुधारमुखी प्रतिक्रिया | प्रायः उपयोगी प्रतिक्रिया | सीमित प्रतिक्रिया | प्रतिक्रिया नदिएको |
| २८. | कमजोर विद्यार्थीप्रतिको ध्यान | १ | व्यक्तिगत योजना र निरन्तर सहयोग | नियमित सहयोग | कहिलेकाहीँ सहयोग | ध्यान नदिएको |
| ३ | नियमितता, समयपालना तथा जिम्मेवारी | १० | हाजिरीजिम्मेवारीमा /समयपालना/ पूर्ण प्रमाणित उत्कृष्टता | सामान्यतः उत्कृष्ट | केही कमीअनियमितता/ | धेरै कमी वा प्रमाण अभाव |
| ४ | पेशागत आचरण तथा अनुशासन | १० | सम्मानपूर्ण, नैतिक, भेदभावरहित र अनुशासित व्यवहारको प्रमाण | व्यवहार राम्रो र स्थिर | कहिलेकाहीँ कमजोरी | गम्भीरदोहोरो कमजोरी / वा प्रमाण अभाव |
| ५ | ICT, नवीनता तथा सिर्जनात्मकता | १० | नवीन विधि, ICT र आफ्नै सामग्रीको प्रभावकारी प्रयोग | नियमित र उपयोगी प्रयोग | सीमित नवीनताप्रयोग/ | प्रयोग वा प्रमाण न्यून |
| ६१. | सम्बन्धित तालिम | ४ | ४ वा बढी सम्बन्धित तालिमको प्रमाण | ३ तालिम | २ तालिम | १ वा प्रमाण नभएको |
| ६२. | अनुसन्धानशैक्षिक / लेख | ३ | प्रमाणित अनुसन्धानप्रकाशित / वा प्रस्तुत लेख | उल्लेख्य अनुसन्धानलेख/ | प्रारम्भिक प्रयास | प्रमाण नभएको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६३. | Sharing/प्रशिक्षक | ३ | TOT/प्रशिक्षक तथा नियमित Sharing | प्रशिक्षक वा Sharing अनुभव | कहिलेकाहीँ Sharing | प्रमाण नभएको |
| ६४. | सेवा अवधि | २ | सूत्रअनुसार अधिकतम २ अंक | सूत्रअनुसार | सूत्रअनुसार | प्रमाणित सेवा अवधि नभएको |
| ६५. | शैक्षिक योग्यता | ३ | उच्चतम निर्धारित श्रेणीप्रमाण/ | मध्य श्रेणी | न्यून श्रेणी | प्रमाण अपूर्ण |
| ७ | विद्यार्थी, अभिभावक तथा समुदायसँग सम्बन्ध | १० | सहयोग, समन्वय, समावेशिता र सहकार्यको ठोस प्रमाण | सम्बन्ध राम्रो र नियमित | सम्बन्धसहकार्य सीमित/ | समन्वय न्यून वा गुनासो प्रमाणित |
| ८ | विद्यालय विकासमा योगदान | ५ | योजना, अतिरिक्त जिम्मेवारी र सुधारमा ठोस योगदान | नियमित र उपयोगी योगदान | केही योगदान | योगदानप्रमाण न्यून/ |
| ९१. | Best Practice: समस्याको पहिचान | १ | समस्या स्पष्ट, तथ्य र सन्दर्भसहित | समस्या स्पष्ट | आंशिक स्पष्टता | अस्पष्ट |
| ९२. | Best Practice: समाधानअभ्यास/ | १ | व्यवहारिक, प्रमाणित र दोहोर्याउन मिल्ने अभ्यास | उपयोगी अभ्यास | आंशिक समाधान | समाधान अस्पष्ट |
| ९३. | Best Practice: प्रभाव | २ | विद्यार्थीमा मापनयोग्य सकारात्मक प्रभाव | प्रभाव राम्रो र प्रमाणित | सीमित प्रभावप्रमाण/ | प्रभाव नदेखिएको |
| ९४. | Best Practice: विस्तार सम्भावना | १ | स्पष्ट, व्यवहारिक र दिगो विस्तार योजना | विस्तार सम्भावना राम्रो | सीमित योजना | योजना नभएको |

**प्राप्त अंक   पूर्णाङ्क =× उपलब्ध स्तरको प्रतिशत। उदाहरण५ : पूर्णाङ्कको सूचकमा ८० स्तर भए ५ %× ०४ अंक। = ८.**

विद्यालयस्तर सिफारिस समिति

१. नाम :
पद
हस्ताक्षर :

२. नाम :
पद
हस्ताक्षर :

३.नाम :
पद
हस्ताक्षर :

पालिकास्तर सिफारिस समिति

१ नाम :
पद
हस्ताक्षर :

२ नाम :
पद
हस्ताक्षर :

३ नाम :
पद
हस्ताक्षर :

४ नाम :
पद
हस्ताक्षर :

५ नाम :
पद
हस्ताक्षर :

६ नाम :
पद
हस्ताक्षर :

**अनुसूची– ९**

# सर्वोत्कृष्ठ बालविकास शिक्षक छनोट मूल्याङ्कन फाराम

**शिक्षकको नाम :**

**विद्यालयको नाम :**

| क्र. स | सूचक | अधिकतम अंक | मापनको आधार (अंक) | | | | विद्यालयस्तरको समितिले दिएको अंक | पालिकास्तरको समितिले दिएको अंक | मूल्यांकनको आधार /प्रमाण / पुष्ट्याई |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | सामान्य | मध्यम | राम्रो | उत्कृष्ठ | | | |
| १. | शैक्षिक योग्यता | ४ | SEE भन्दा कम -१ अंक | SEE - २ अंक | कक्षा १२ उत्तीर्ण - ३ अंक | कक्षा १२ भन्दा माथि- ४ अंक | | | शैक्षिक योग्यताको प्रमाणपत्र |
| २. | शैक्षिक तालिम | ४ | ७ दिन सम्म- १ अंक | १५ दिनसम्म- २ अंक | १ महिने - ३ अंक | १ महिना भन्दा माथि - ४ अंक | | | तालिम सम्बन्धि प्रमाणपत्र |
| ३. | कला /प्रतिभा तथा अतिरिक्त प्रतिभा | ४ | बालगित गायन, अभिनय- १ अंक | बालगीत, गायन, नृत्य, अभिनय, हस्तलेखन - २ अंक | बालगीत, गायन, नृत्य, अभिनय, बाध्यबाधन, हस्तलेखन- ३ | बालगीत, गायन, नृत्य, अभिनय, बाध्यबाधन हस्तलेखनलगायत कला साहित्यमा अव्वल - ४ | | | बालविकास शिक्षकको व्यक्तिगत प्रोफाइल/ प्रमाणपत्र/ फोटो/ VIDEO, |
| ४. | सुचना प्रविधिको ज्ञान | ४ | स्मार्ट मोबाइल चलाउन सक्ने, सर्च गर्न सक्ने- १ अंक | स्मार्ट मोबाइलमा इन्टरनेटसहित सामाजिक संजालहरु चलाउन सक्ने- २ अंक | स्मार्ट मोबाइलमा सामाजिक संजाल, इमेल इन्टरनेट चलाउन सक्ने- ३ अंक | स्मार्ट मोबाइलमा सामाजिक संजाल, इमेल इन्टरनेट, कम्प्युटरमा MS word चलाउन print गर्न सक्ने- ४ अंक | | | सूचना प्रविधिको प्रयोगको अवलोकन, प्रमाणपत्र, औपचारिक |
| ५. | बालबिकास र बालमनोविज्ञान ज्ञान (उमेर, बिकासत्मक कार्य, विशेषता , शारीरिक, सम्बेगात्मक, बौद्धिक बिकास) | ४ | सामान्य ज्ञान - १ अंक | राम्रो ज्ञान र बोध - २ अंक | धेरै राम्रो ज्ञान, बोध, प्रयोग - ३ अंक | उत्कृष्ठ ज्ञान, बोध, प्रयोग - ४ अंक | | | अवलोकन, अन्तर्वार्ता |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६. | बालबिकासको विद्यार्थी संख्या ( विद्यालय उमेर समुहका ) | २ | ५ जना वा सो भन्दा कम भएमा - ०.५ अंक | ५ भन्दा बढी १५ जना सम्म भएमा- १ अंक | १५ भन्दा बढी २५ जना सम्म भएमा - १.५ | २५ भन्दा बढी भएमा - २ | | | इमिस अभिलेख |
| ७. | पाठ्यक्रम, बालविकास मापदण्ड, स्रोत सामाग्री | २ | पाठ्यक्रम /प्रारम्भिक बालविकास मापदण्ड- २०६७, बाल सामाग्री मध्ये कुनै एक भएमा - ०.५ अंक | पाठ्यक्रम र बालविकास मापदण्ड- २०६७ तथा कम्तिमा ५ ओटासम्म बाल सोत सामाग्री/ भएमा - १ अंक | पाठ्यक्रम र बालविकास मापदण्ड- २०६७ तथा कम्तिमा २० ओटा सम्म बाल सोत सामाग्री/ भएमा - १.५ अंक | पाठ्यक्रम र बालविकास मापदण्ड- २०६७ तथा कम्तिमा २० ओटा भन्दाबढी सम्म बाल सोत सामाग्री भै प्रयोग भएको - २ अंक | | | बाल स्रोत सामाग्रीको सूची / फोटो |
| ८. | पाठ्यक्रम, बालविकास मापदण्ड, प्रारम्भिक बालविकासको पाठ्यक्रमले तोकेबमोजिम दैनिक तालिका निर्माण गरी दौनिक क्रियाकलाप संचालन गरेको | ४ | सामान्य क्रियाकलाप गरेको तर तालिका निर्माण नगरेको- १ अंक | कार्यतालिका निर्माण गरेको तर सोहि बमोजिम क्रियाकलाप संचालन नभएको - २ अंक | कार्यतालिका निर्माण गरी पूर्ण पालना गरेको - ४ अंक | | | | दैनिक कार्यतालिकाको प्रतिलिपि/ कक्षाकोठामा टाँस गरेको \फोटो/ अवलोकन |
| ९. | सामाग्रीको प्रयोग र उपलब्धता | १० | २५ % सामग्री उपलब्ध भएमा - ४ अंक | ५० % सामग्री भएमा - ६ अंक | 75% भन्दा बढी उपलब्ध भएमा - ८ अंक | पर्याप्त मात्रामा सामाग्री भएमा - १० अंक | | | सामग्रीको सूची /फोटो / भिडियो / JOB CHART, WEATHER CHART, BIRTHDAY CHART, COLOR CHART, SHAPE CHART, ALPHABETICAL CHART, बाहखरी चार्ट, DAY, MONTH CHART, NIMAL CHART, BIRDS CHART, VACHEL CHART, SEASON CHART, VEGITABLE & FRUIT CHART, PARTS OF B0DY CHART, |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | MAPS, CLOCK, ABSENT PRESENT CHART, PLANT AND FLOWER CHART ,CALENDER, TRAFFIC SIGN, FAMILY CHART लगायत शैक्षिक सामाग्री |
| १०. | शैक्षिक सामाग्री, संकलन निर्माण र प्रयोग अवस्था | ६ | सामान्य - ३ अंक | राम्रो - ४ अंक | धेरै राम्रो - ५ अंक | उत्कृष्ठ - ६ अंक | | | सामाग्रीको सूची, फोटो |
| ११. | विद्यार्थी बसाई व्यवस्थापन | ४ | सामान्य बसाई, बेन्च व्यवस्थापन -१ अंक | कार्पेटिङसहित बेन्चलेस चकटीको व्यवस्थापन - १ अंक -२ | कार्पेटिङ, चकटी, लो टेवल व्यवस्थापन - ३ अंक | कार्पेटिङ, चकटी, लो टेवल, कुर्चीसहित बालमैत्री व्यवस्थापन - ४ अंक | | | बाल कक्षाकोठाको फोटो, भिडियो |
| १२. | सिकाईको ६ कुना, बुक कर्नर व्यवस्थापन | ६ | सिकाई कुना नछुट्याई सामाग्री राखेको - २ अंक | विषय अनुसार सामाग्री राखिएको - ३ अंक | विषयगत कुना छुट्याई राखेको - ४ अंक | सिकाइका ६ कुना नाम उल्लेख गरी सामाग्री मिलाइएको - ६ अंक | | | बाल कक्षाकोठाको फोटो, भिडियो, कुना अनुसार मिलाइएको सामग्रीको सूची |
| १३. | भौतिक व्यवस्थापन ( झ्याल, ढोका, प्रकास, हावा वारपार, शान्तवातावरण, उपयुक्त नापको कक्षा कोठा,बेन्च, सेतोपाटि, कालोपाटी रखाई, तौल र उचाई मापन, खानेपानी, दष्टबिन घडीलगायत सामाग्री व्यवस्थापन | ५ | सामान्य - २ अंक | राम्रो - ३ अंक | धेरै राम्रो - ४ अंक | उत्कृष्ठ - ५ अंक | | | निरीक्षण प्रतिवेदन, फोटो, भिडियो |
| १४. | दिवा खाजा व्यवस्थापन | ४ | विद्यालयमै खाजा तयार गरी खुवाउने गरेको - १ अंक | विद्यालयमै खाजा तयार गरी मेनुसहित खुवाउने गरेको - २ अंक | विद्यालयमै स्थानीय उत्पादनको प्रयोग गरी मेनुसहित खुवाउने गरेको - ३ अंक | व्यवस्थितरुपमा विद्यालयमै स्थानीय उत्पादनको प्रयोग गरी खाजा तयार गरी मेनुसहित खुवाउने गरेको/ - ४ अंक | | | दिवाखाजा मेनु, निरीक्षण प्रतिवेदन |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १५. | किचन, कक्षाकोठा, धारा, शौचालय, विद्यार्थीको व्यक्तिगत सरसफाईस्तर | ५ | सामान्य - २ अंक | राम्रो - ३ अंक | धेरै राम्रो - ४ अंक | उत्कृष्ठ - ५ अंक | | | निरीक्षण प्रतिवेदन, फोटो |
| १६. | शिक्षक विद्यार्थीको विवरण इमिसमा अध्यावधिक गरेको | २ | इमिसबारे थाहा नभएको /विवरण अध्यावधिक नगरेको - ०.५ अंक | सामान्यरुपमा भरेको तर सबै विवरण नभरेको - १ अंक | शिक्षक विद्यार्थीको सबै विवरण भरेको - १.५ अंक | विद्यालयको पूर्वाधार सहित सबै बिवरण अध्यावधिक भएको - २ अंक | | | इमिस रिपोर्ट |
| १७. | विद्यार्थी मूल्यांकन अभिलेख | ५ | अभिलेख राखेको तर व्यक्तिगत पोर्टफोलियो नराखेको- २ अंक | पोर्टफोलियोमा सामान्य अभिलेख राखेको- ३ अंक | सबै क्रियाकलाप देखिने गरि पोर्टफोलियो राखेको- ४ अंक | सबै क्रियाकलाप देखिने गरि, सहजै भेटिने गरि र्याक वा दराजमा पोर्टफोलियोमार्फत सिकाई अभिलेक राखेको- ५ अंक | | | कुनै एक विद्यार्थीको पोर्टफोलियो, पोर्टफोलियो राखेको र्याकको फोटो |
| १८. | विब्यास गठन, आमा समुह गठन, विद्यार्थी हाजिरी, विद्यार्थीको अन्य अभिलेखम, बैठक माइनुट, जिन्सी अभिलेख व्यवस्थापन | ४ | कुनै ३ वटा भएको - १ अंक | कुनै ५ भएको- २ अंक | कुनै चार भएको- ३ अंक | सबै अभिलेख व्यवस्थापन भएको - ४ अंक | | | बैठकको निर्णय, जिन्सी अभिलेख, आमा समुहको नामावली |
| १९. | बालविकास केन्द्र संचालन भएको दिन | ४ | २०० दिन भन्दा कम - १ अंक | २१० दिनसम्म - २ अंक | २२० दिनसम्म - ३ | २२० दिनभन्दा बढी - ४ अंक | | | प्र.अले प्रमाणित गरेको हाजिरी अभिलेख |
| २०. | सहजकर्ताको बैकल्पिक व्यवस्था | २ | सहजकर्ता बिदामा हुदा बिदा दिने - ० अंक | विदा नदिई पठनपाठनको व्यवस्था मिलाएको - १ अंक | बैकल्पिक सहजकर्ताको व्यवस्था गरी पठनपाठन गरेको दिने - २ अंक | | | | बैकल्पिक सहजकर्ताको विवरण, अभिलेख |
| २१. | समिति बैठक /आमा समुह बैठक / अभिभावक शिक्षा | ४ | बर्षमा कम्तिमा ६ पटक - १ अंक | बर्षमा कम्तिमा ८ पटक - २ अंक | बर्षमा कम्तिमा १२ पटक - ३ अंक | बर्षमा १२ पटक भन्दा बढी - ४ अंक | | | बैठकको निर्णय, अभिभावक शिक्षा संचालन, भेला |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २२. | बालमैत्री छुट्टै खेल स्थल, बालमैत्री शौचालय र खानेपानी व्यवस्थापन, सयन कक्ष, प्राथमिक उपचारको व्यवस्था | ४ | सामान्य - १ अंक | राम्रो -२ अंक | धेरै राम्रो - ३ अंक | उत्कृष्ठ - ४ | | | फोटो, समितिको प्रतिवेदन |
| २३. | समन्वय /सहकार्य (अभिभावक, सहयोगी संघसंस्था, वडा, पालिका, स्रोत विद्यालय आदि) | २ | सामान्य - ०.५ | राम्रो - १ | धेरै राम्रो - १.५ | उत्कृष्ठ - २ | | | साझेदार संघसंस्था, बैठकको निर्णय, सहकार्य |
| २४. | नवप्रर्वतनात्मक कार्य /असल अभ्यास | ५ | असल अभ्यासको आधारमा बढीमा ५ अंक प्रदान गर्न सकिने | | | | | | असल अभ्यासको सार, प्रस्तुति |
| जम्मा | | १०० | | | | | | | |

विद्यालय स्तर सिफारिस समिति

१ नाम :
पद
हस्ताक्षर :

२ नाम :
पद
हस्ताक्षर :

३ नाम :
पद

पालिकास्तर सिफारिस समिति

१ नाम :
पद
हस्ताक्षर :
२ नाम :
पद
हस्ताक्षर :
३ नाम :
पद
हस्ताक्षर :
४ नाम :

हस्ताक्षर :

पद

हस्ताक्षर :

५ नाम :

पद

हस्ताक्षर :

६ नाम :

पद

हस्ताक्षर :

७ नाम :

पद

हस्ताक्षर :

आज्ञाले

रामबाबु पौडेल

प्रमुख प्रशासकीय अधिकृत